सिटिजन हेल्प डेस्क

# सिटिजन हेल्पडेस्क बुलेटिन


अंक #१३
चैत्र, २०७४

सिटिजन हेल्पडेस्क बुलेटिनको तेह्रौ अंकमा स्वागत छ। 'सिटिजन हेल्पडेस्क', विभिन्न जिल्लाहरुमा समुदायलाई सही सूचना प्रवाह गरि उनीहरुको दैनिकीलाई सहज बनाउन कार्यरत स्थानीय युवा स्वयंसेवकहरू Community Frontline Associates (CFA) ले नेतृत्व गरेको नागरिक अभियान हो। यसले, नागरिकहरूले स्थानीयस्तरमा भोगेका संवेदनशील समस्याको बारेमा सूचना संकलन गर्नुका साथै त्यस भित्रको यथार्थ पत्ता लगाई सरकार, सञ्चार माध्यमहरू, दातृ निकायहरू र समुदायलाई सही सूचना प्रवाह गरी उनीहरू बीचको अन्यौलता हटाउँदै समग्र सरकारी निर्णयलाई सही दिशा दिन सहयोग गर्दछ।

## सवाल

### पाँचखाल, काभ्रेपलाञ्चोक

"वैदेशिक रोजगारीकै क्रममा कोही बिरामी भयो वा काम गर्न नसक्ने अवस्थामा पुगेमा साथीले काम गरिदिएर बिरामी भएको व्यक्तिलाई छुट्टिमा पठाउन मिल्छ ? "



### सुनकोशी, सिन्धुपाल्चोक

"वैदेशिक रोजगारीमा गएको व्यक्ति बिरामी पऱ्यो भने कम्पनीमा साथीलाई वारेन्टर राखेर केहि समयको लागि नेपाल फर्किन पाईन्छ भन्ने सुनिन्छ, के यो साँचो हो ? यदि हो भने, नेपाल आएको व्यक्ति फर्किएन भने वारेन्टमा बसेको साथीलाई र उक्त व्यक्तिलाई के कस्ता समस्याहरु पर्न सक्छन् ?"

## जवाफ


नेपालको संविधानमा कुनै पनि व्यक्तिलाई बन्धकी राख्न पाईने छैन भन्ने उल्लेख छ। जसले गर्दा पनि वारेण्टर राख्न पाउने भन्ने कुरा सम्झौता पत्रमा राख्नु कानुनको विपरीत छ। त्यसैले वारेण्टर राख्ने कुरा गैरकानुनी हो।

यदि कोही मौखिक समझदारीमा वारेण्टर राख्न र बस्न सहमत भए भने पनि त्यो कानुन सम्मत हैन र त्यस पछि आईपर्ने समस्याको समाधनको लागि कुनै कानुनी उपचारको व्यवस्था छैन।

यदि कामकै शिलशिलामा कामदारले विदेश स्थीत रोजगारदाता कम्पनी र सम्बन्धित कामदार बिचको सम्झौता बिपरीत कुनै समस्या भोग्नु परेमा वैदेशिक रोजगार विभागले सम्झौता पत्रलाई आधार मानेर कारवाही अगाडी बढाउँदछ। सम्झौता पत्रमा, "अन्य सर्तहरू सम्बन्धित देशको कानुन बमोजिम हुनेछ" भन्ने बुँदा पनि उल्लेख गरिएको हुन्छ। तर, के हुन्छ भनेर प्रष्ट हुदैन। त्यसैले यस सन्दर्भमा विदेश स्थीत कम्पनीले वारेन्टर सम्बन्धि नियम राखेको भए त्यो सम्बन्धित देशको कानुन बमोजिम हुनेछ।

शशि लम्साल
प्रवक्ता,
वैदेशिक रोजगार विभाग, काठमाण्डौ
००९७७-९८५१०२३२८८

# प्रश्न



### ज्वालामुखी, धादिङ
“फ्रि भिसा फ्रि टिकट भनेको पनि लामो समय भईसक्यो। अहिले सम्म एउटा पनि कामदार फ्रि मा जानपाएको थाहा छैन, खासमा के हो ?”

### बिदुर, नुवाकोट
“वैदेशिक रोजगारमा जाँदा कुन कुन देशमा जान ठ्याक्कै कति कति पैसा लाग्छ ? यस बारेमा जानकारी पाए राम्रो हुने थियो।”

### मेलम्ची, सिन्धुपाल्चोक
“फ्रि भिसा फ्रि टिकट भनिन्छ तर फेरी रु. १0,000 तिर्नु पर्छ पनि भनिन्छ। यो रकम के को लागि तिर्नु पर्छ ?”

# जवाफ

२०७२ साल असार २१ गते देखि नेपाल सरकारले मलेसिया लगायत छ वटा खाडी मुलुकहरू साउदी अरब, कतार, युएई, कुवेत, ओमान, बहराईन र मलेसीया गरि सात वटा मुलुकहरूमा रोजगारीका लागि फ्रि भिसा फ्रि टिकट दिने निर्णय गरेको हो।

माथि उल्लेख गरिएका मुलुकहरूका कम्पनिहरूले कामदारहरूको माग अनुसार नेपाल सरकारबाट स्विकृत प्राप्त म्यानपावर कम्पनीहरूसँग सम्झौता गर्दछन्।

यदि विदेश स्थित कम्पनीले ईजाजतपत्रवाला संस्थाहरूलाई सेवा शुल्क रकम प्रदान नगरेको अवस्थामा मात्र सेवा शुल्क बापत रु. १0,000 लिन पाउनेछन्।

त्यसै गरि जापानका लागि रु. ५0,000, लेवनानका लागि रु. ७0,000, मोरीससका लागि रु. १९,000 र पोल्याण्डका लागि रु. ८0,४00 सेवा शुल्क बापत ईजाजतवाला संस्थाहरूले लिन पाउने व्यवस्था गरिएको छ।

यदि कुनै म्यानपावर कम्पनीले यी मुलुकहरूमा जानको लागि बढी पैसा असुल गरेको छ भने, प्रमाण सहित वैदेशिक रोजगार विभागमा उजुरी दिन सकिन्छ र सो कुरा प्रमाणित भएमा नेपाल सरकारले कारबाही गर्दछ।


**शशि लम्साल**
प्रवक्ता
वैदेशिक रोजगार विभाग
काठमाण्डौ
00९७७-९८५१0२३२८८

**नेपाल सरकार श्रम तथा रोजगार मन्त्रालय**
वैदेशिक रोजगार विभाग
00९७७-१-४७८२४५४

# हल्ला

## धुनेवेंशी, धादिङ

"गाउँपालिका तथा नगरपलिकाले स्थानीय सरकार संचालन सम्बन्धमा स्थानीय कानुन आफै बनाउने हो ?"



## पाँचखाल, काभ्रेपलाञ्चोक

"स्थानीय सरकार सञ्चालन सम्बन्धि कानुन कसले बनाउने हो । केन्द्र सरकारले बनाएर पठाउने हो ? कि स्थनीयको पनि सहभागिता हुने हो ?"

# यथार्थ


हालको लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले स्थानिय सरकार सञ्चालन सम्बन्धि नमुना कानुन बनाएको छ। जस अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारकोक्षेत्र भित्रका विषयमा ऐन बनाउन सक्नेछन् भन्ने उल्लेख गरिएको छ।

उपदफा (१) बमोजिम बनाईएको ऐनको अधिनमा रही कार्यपालिकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछन्। गाउँपालिका र नगरपालिकाले उक्त कानुन स्थानीय राजपत्रमा प्रकाशन गर्नुपर्नेछ।

कानुन बनाउदा प्रमुख वा उपप्रमुखको अध्यक्षतामा कानुन मस्यौदा समिति गठन गर्ने र सम्बन्धित क्षेत्रका विज्ञ नियुक्त गरि कानुनको मस्यौदा तयार गर्ने भनिएको छ।

| स्रोत | स्थानीय सरकार सञ्चालनका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७४ |
|---|---|

# मेरो कथा – अनुभुती र भोगाई





## झक्क बहादुर मगर

### ज्वालामुखी, धादिङ

ज्वालामुखी-३, मैदि धादिङका झक्क बहादुर मगर विगत १४ वर्ष देखी यूएई (दुवै)मा सवारी चालकको रुपमा कार्यरत थिए। उनि बिचबिचमा छुट्टि मिलाएर नेपाल आउँदै श्रम स्वीकृती लिंदै भिसाको म्याद थप गरिरहेका थिए। सोही क्रममा उनि बिरामी परेर ४ सेप्टेम्बर २०१७ मा अस्पतालमा भर्ना भए। लामो समय उपचार गर्दा पनि रोगको पहिचान हुन सकेन। उपचार गर्न खल्तीमा पैसा पनि बाँकी नभएपछि उनि अस्पताल भर्ना भएको तिन महिना पछि अर्थात नोभेम्बरमा उनि नेपाल फर्किए। नेपालमा उपचार गराउँदै जाँदा उनको दुवै मृगौला फेल भएको कुरा उनको उपचारमा खटिएका चिकित्सकले बताएपछि उनको परिवार झनै पीडामा पर्‍यो।

गत फागुन १८ गते सिटजन हेल्पडेस्कका कम्युनिटि फ्रन्टलाईन एसोसिएट्स गुण बहादुर अर्यालले वैदेशिक रोजगारीका समस्याको उठान गर्ने यउद्देश्यले ज्वालामुखी गाउँपालिका वडा नं. ३ मा स्थानिय प्रतिनिधिसंग छलफको आयोजना गरेका थिए। छलफलकै क्रममा वडा सदस्य भोज बहादुर मगरले झक्क बहादुर वैदेशिक रोजगारीकै कारण समस्यामा रहेको बारेमा जानकारी गराएका थिए। झक्क बहादुरको पारिवारको आर्थिक अवस्था कमजोर रहेकोले व्यक्तिगत रुपमा पनि आफु सहयोग गर्न तयार रहेको तर सरकारको तर्फबाट राहत पाईने बारे जानकार नरहेको कुरा व्यक्त गरेका थिए। सो छलफल पश्चात वडा अध्यक्षले झक्क बहादुरको उपचारको लागि रकम संकलन् गर्ने अभियानको लागि सिफारीस गरीसकेका छन्। परिवारका सदस्य र अन्य छिमेकीलाई क्षतिपुर्ति पाईन्छ भन्नेमा विश्वास थिएन। किन भने उनि नेपाल फर्किसकेका थिए। तर, गुण बहादुरले आवश्यक कागजात संकलन गरि वैदेशिक रोजगार प्रवर्द्धन बोर्डमा निवेदन दर्ता गरे पछि वैदेशिक रोजगार प्रवर्धन बोर्ड अन्तर्गत कल्याणकारी कोषबाट पाउनु पर्ने सहायता रकमको लागि प्रकृया अगाडी बढेकोछ। प्रकृयासंगत पाउनु पर्ने रकमकोलागि प्रवर्द्धन बोर्डले थप आवश्यक कागजात माग गरेको ले सो प्रकृया पुरा हुने वितिकै झक्क बहादुरले राहत बराबरको रकम पाउनेछन्।

यो घटना पश्चात वडाका जनप्रतिनिधिले वैदेशिक रोजगारीको विषय महत्वपूर्ण रहेको अनुभुति गरेका छन् र साथसाथै उनिहरूलु वैदेशिक रोजगारीको विषयलाई स्थानीय पनि स्तरमा उठान गर्न चाहिरहेका छन्। यदि स्थानिय सरकारकै अग्रसरतामा यस्ता समस्याहरूलाई प्राथमिकतामा राखेर सम्बोधन गर्दै जानेहो भने पीडितहरूलाई न्याय पाउन सहज हुनेछ।

## यो पनि थाहा पाईराखौँ - सरकार द्वारा गरीएका नविनतम निर्णयहरु

- स्थानिय तहको वेवसाईटको विवरण (Link)
- न्यायिक समिति कार्यविधि (Link)

यो अंकमा समेटिएका  हल्ला, सवाल तथा सूचनाहरू, जिल्लामा रहेर काम गरिरहेका CFA हरूले स्थानीय जनतासंग गरेका प्रत्यक्ष कुराकानी, सामुदायिक छलफल, सञ्चार माध्यमहरू र जिल्लामा कार्यरत विभिन्न संघ संस्थाका प्रतिनिधिबाट संकलन गरिएका सामाग्री हुन् । २०७४ फागुन १७ गतेदेखि २०७४ चैत्र १७ गतेसम्म ४ जिल्लाका करिव ७८३ जना स्थानीयवासीसँग कुराकानी गरि तयार पारिएका टिप्पणीहरू यो बुलेटिनको सूचनाका प्रमुख स्रोत हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरू छनोट गरिएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Accountability Lab द्वारा Local Interventions Group संगको सहकार्यमा प्रायोजित सिटिजन हेल्पडेस्क बुलेटिन ।**

accountabilitylab

Local Interventions Group
data - driven development